# पाल्हीनन्दन गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १** **संख्याः १** **मिति : २०७५/ ०८ /१२ गते**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पाल्हीनन्दन गाँउपालिकाको गाँउ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।**

## भाग २

## करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७५

गाउँ कार्यपालिकाबाट निर्णय मिति २०७५।०८।१२
अध्यक्षबाट प्रमाणित मिति २०७५।०८।१२

**प्रस्तावना :**

व्यक्ति, समुह, अभिभावक, गाउँपालिका, प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता बृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसुचि ८, स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७४ बनाई जारी गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "**करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७५**" रहेको छ।

(२) यो मापदण्ड पाल्हिनन्दन गाउँपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "गाउँपालिका" भन्नाले पाल्हिनन्दन गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "मापदण्ड" भन्नाले **करारमा स्वंयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७५** लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले पाल्हिनन्दन गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "शिक्षक दरवन्दी" भन्नाले पाल्हिनन्दन गाउँपालिका भित्रका हाल मौज्दात दरवन्दि र पाल्हिनन्दन गाउँपालिकाद्धारा थप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

(ङ) "शिक्षक" भन्नाले स्वयम्सेवक शिक्षकलाई सम्झनु पर्छ ।

(च) "स्वयम्सेवक शिक्षक" भन्नाले पाल्हिनन्दन गाउँपालिका भित्रका अनुमति प्राप्त वा स्विकृत प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरबन्दि अभाव भई गाउँ कार्यपालिकाले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पाल्हिनन्दन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा सेवाको अधिकृतलाई सम्झनुपर्छ ।

(ट) "स्रोत व्यक्ति" भन्नाले पाल्हिनन्दन गाउँपालिका भित्रका विद्यालयको रेखदेख तथा निरक्षण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ठ) "शिक्षा शाखा" भन्नाले पाल्हिनन्दन गाउँपालिकामा रहेको शिक्षा हेर्ने आधारभुत तथा माध्यमिक शिक्षा हेर्ने शाखालाई सम्झनुपर्छ ।

(ड) "विषय विशेषज्ञ" भन्नाले शिक्षा संकायबाट तोकिएको विषयमा स्नातक वा स्नात्तोकोत्तर उतिर्ण भई सम्बन्धीत क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त सम्बन्धित तहको स्थायी शिक्षकलाई सम्झनुपर्छ ।

(ञ) "तलब भत्ता" भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने तलब भत्ता सम्झनु पर्नेछ ।

## परिच्छेद २

## विद्यालयमा रहने शिक्षक दरवन्दि

(१) प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातमा १:४५ हुनुपर्नेछ ।

(२) उपखण्ड (२) मा जुनसुकै कुरा लेखिएता पनि विद्यालयहरुमा देहाय बमोजिमको न्यूनतम शिक्षक पदसंख्या रहनेछ ।

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | प्रत्येक बाल विकासमा १/१ जना | |
| २ | कक्षा - १ सम्म | १ जना | |
| २ | कक्षा १-२ सम्म | १ जना | |
| ३ | कक्षा १- ३ सम्म | २ जना | |
| ४ | कक्षा १-५ सम्म | ३ जना | |
| ५ | कक्षा ६-८ सम्म | ४ जना | |
| ६ | कक्षा ९-१० सम्म | ४ जना | |
| ७ | कक्षा ११-१२ सम्म | ३ जना | |
| ८ | कक्षा ११-१२ (विज्ञान) | ४ जना | |

तर अधिकांश कक्षामा विद्यार्थी संख्या न्यून रहेको अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरुमा यो मापदण्ड लागू हुने छैन् ।

(३) यस खण्डको उपखण्ड २ बमोजिम यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालय दरबन्दी र संचालित कक्षाको विवरण देहाय बमोजिम छ ।

| क्र.सं. | विद्यालयको नाम | तह | संख्या/स्थाई/अस्थाई/राहत/निजि/बाल विकास | संचालन कक्षा |
|---|---|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय, पाल्हीनन्दन-४ | मा.वि. | १३/८/२/२/०/१ | कक्षा १-१० |
| २ | बालशिक्षा निकेतन माध्यमिक विद्यालय, पाल्हीनन्दन-१ | मा.वि. | १४/२/५/३/३/१ | कक्षा १-१० |
| ३ | राजनारायण माध्यमिक विद्यालय, पाल्हीनन्दन-५ | मा.वि. | २०/१२/२/३/१/२ | कक्षा १-१० |
| ४ | सिद्धार्थ माध्यमिक विद्यालय, पाल्हीनन्दन-३ | मा.वि. | ३५/१४/१२/४/३/२ | कक्षा १-१२ |
| ५ | हरपुर माध्यमिक विद्यालय, पाल्हीनन्दन-२ | मा.वि. | १२/३/१/०/६/२ | कक्षा १-१० |
| ६ | शुकदेव माध्यमिक विद्यालय, पाल्हीनन्दन-६ | मा.वि. | १५/३/२/७/२/१ | कक्षा १-११ |
| ७ | पाल्ही आधारभुत विद्यालय, पाल्हीनन्दन-२ | आ.वि. | ८/५/०/२/०/१ | कक्षा १-८ |
| ८ | राधाकृष्ण आधारभुत विद्यालय, पाल्हीनन्दन-५ | आ.वि. | ९/१/०/५/१/२ | कक्षा १-८ |
| ९ | शिब प्रा.वि., पाल्हीनन्दन-२ | प्रा.वि. | ४/२/२/०/०/० | कक्षा १-५ |
| १० | शंकरपुर प्रा.वि., पाल्हीनन्दन-१ | प्रा.वि. | ४/२/१/०/०/१ | कक्षा १-५ |
| ११ | शिबपार्बती प्रा.वि., पाल्हीनन्दन-५ | प्रा.वि. | ५/१/१/२/०/१ | कक्षा १-५ |
| १२ | जनता प्रा.वि., पाल्हीनन्दन-३ | प्रा.वि. | ६/२/१/२/०/१ | कक्षा १-५ |
| १३ | बाईसी देवि प्रा.वि., पाल्हीनन्दन-६ | प्रा.वि. | ३/१/०/२/० | कक्षा १-५ |
| १४ | शहिद जगदिस पासवान शंखरपुर प्रा.वि., पाल्हीनन्दन-६ | प्रा.वि. | २/०/०/१/१/० | कक्षा १-५ |

| | | | | |
|---|---|---|---|---|
| १५ | पाल्ही भगवती प्रा.वि., पाल्हीनन्दन-४ | प्रा.वि. | ६/२/०/२/१/१ | कक्षा १-५ |
| १६ | मदरसा ताजुल ओलुम, पाल्हीनन्दन-३, कुश्माहा | मदरसा | ८ | कक्षा १-५ |
| १७ | मदरसा अरविया अनावरुल, ओलुम, पाल्हीनन्दन-१ | मदरसा | ३ | कक्षा १-५ |
| १८ | मदरसा अरविया कमरुल ओ.अहले, पाल्हीनन्दन-४ | मदरसा | | कक्षा १-५ |
| १९ | मदरसा अहले सुन्नत फैजुल ओलुम, पडरी, पाल्हीनन्दन-६ | मदरसा | ४ | कक्षा १-५ |
| २० | मदरसा इस्लामिया प्रा.वि., वेलासपुर, पाल्हीनन्दन-३ | मदरसा | ५ | कक्षा १-५ |
| २१ | मदरसा अरविया अहले सुन्नत, ता.ओ.भगतपुरवा, पाल्हीनन्दन-५ | मदरसा | | कक्षा १-५ |
| २२ | मदरसा ईस्लामिया कमरुल ओलूम परसिया, पाल्हीनन्दन-३ | मदरसा | | कक्षा १-५ |
| २३ | मदरसा अरविया नजामूल ओलूम, छोटकीसूनरी, पाल्हीनन्दन-१ | मदरसा | ५ | कक्षा १-५ |
| २४ | मदरसा गौसिया फैजुलवारिस ओलुम, हरपुर, पाल्हिनन्दन-२ | मदरसा | | कक्षा १-५ |
| २५ | मदरसा गौसिया एहसादुल ओलुम, चमनटोला, पाल्हिनन्दन-५ | मदरसा | ३ | कक्षा १-५ |
| २६ | मदरसा अहले सुन्नतसिद्धिकियानुरुल ओलुम, पाल्हिनन्दन-६ | मदरसा | २ | कक्षा १-५ |

## परिच्छेद ३

## शिक्षक छनौट समिति गठन

**३. शिक्षक छनौट समिति रहने** : (१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्तिका लागि सिफारीस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) गाउँ कार्यपालिका कार्यालयले मनोनित गरेको कम्तिमा शिक्षाशास्त्र संकाय तर्फ स्नातक गरेको २ जना वा आवश्कता अनुसार विषय विशेषज्ञ - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(घ) योजना शाखा प्रमुख - सदस्य

(ङ) गाउँ शिक्षा अधिकृत वा प्रमुख प्रशासकिय अधिकृतले तोकिएको कर्मचारी - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरवन्दी संख्याको अधिनमा रही खुला प्रतिस्पर्धात्मक परिक्षाबाट स्वयम्सेवक शिक्षक करारमा नियुक्ति गर्न गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परिक्षा संचालनको लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा आवश्यकता अनुसार प्रयोगात्मक परिक्षा संचालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशन गर्ने,

(ग) परिक्षाको लागि तह अनुसारको पाठ्यक्रम निर्धारण गर्ने,

(घ) परिक्षा संचालनको लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

(ङ) परिक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं. त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

(च) गाउँ कार्यपालिका एवं. गाउँ शिक्षा समितिसँग परिक्षा संचालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने,

(छ) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने,

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(४) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको संयोजकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ४

## शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

४. **प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने :-** (१) नियम ११ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहका Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. **शिक्षक छनौट प्रक्रिया समाबेशि बनाउनु पर्ने** :- शिक्षक छनौटलाई समाबेशी बनाउन गाउँ कार्यपालिकाबाट स्विकृत स्वयमसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पद मध्ये ४५% छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानि देहायका उम्मेद्वारहरु विचमा मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| (क) महिला | - ३३% |
| (ख) आदिबासी जनजाती | - २७% |
| (ग) मधेसी, अल्पसंख्यक, पिछडाबर्ग | - २२% |
| (घ) दलित | - ९ % |

६. **दरखास्त बुझाउनु पर्ने** :- प्रतियोगिमा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिबाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

७. **योग्यता सम्वन्धि व्यवस्था** :- स्वयम्सेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

(क) मा.वि.तह (९-१०) सम्बन्धित विषयमा स्नातक उतिर्ण

(ख) आ.वि.तह (६-८) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको

(ग) आ.वि.तह (१-५) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह उतिर्ण वा सो सरह

(घ) बालविकास माध्यमिक शिक्षा परिक्षा उतिर्ण वा सो सरह,

(ङ) आधारभुत तह कक्षा ६-८ कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तिर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुनुपर्ने वा कम्तीमा ६ महिना तालिम लिएको हुनुपर्ने ।

**स्पष्टिकरण** : अन्तरकवार्ता परिक्षामा मा.वि.तह (९-१०) को लागि स्नात्तोकोत्तर गरेका उम्मेदवार र आ.वि.तह (६-८) को हकमा स्नातक गरेको उम्मेदवारलाई थप ३ अंकको व्यवस्था गरिनेछ ।

८. **उम्मेदवारको लागि योग्यता** : (१) शिक्षक सेवा आयोग नियमावली, २०५७ (नवौं संशोधन समेतको नियम १० को (क) देखि (च) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(२) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ, गणित, अंग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान विषयको हकमा करारमा स्वयम्सेवक वा निजि शिक्षक भर्ना गर्न अध्यापन अनुमतिपत्र आवश्यक पर्ने छैन ।

९. **आवश्यक कागजातहरु** : शिक्षक पदमा उम्मेदवार हुन इच्छुक उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित

प्रतिलिपि, कुनै विद्यालयमा कार्यरत भए सोको प्रमाणित प्रतिलिपि र छनौट समितिले तोके बमोजिमका अन्य कागजातहरु सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ तर यस प्रयोजनको लागि दफा ८ को उपदफा २ पनि लागू हुनेछ ।

१०. **पाठ्यक्रम, परीक्षा प्रणली, मुल्याङ्कन प्रणाली र छनौट प्रक्रिया** : (१) स्वयम्सेवक शिक्षकको लागि लिईने परीक्षाको पाठयक्रम, परीक्षण प्रणाली तथा मुल्याङ्कन प्रक्रिया शिक्षक छनौट समितिले तोके बमोजिम हुनेछ ।

(२) लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई गाउँपालिकाले नियुक्ती दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| परिक्षाको किसिम | (क) लिखित | अंकभार |
| | | १०० अंक |
| | (ख) मौखिक/अर्न्तवार्ता | १० अंक |
| | १. शैक्षिक योग्यता वापत | प्रथम, द्धितिय र तृतिय क्षेणिको आधारमा क्रमशः ३,२ र १ अंक |
| | ३. अन्तरवार्ता वापत | न्यूनतम ४०%, अधिकतम ७०% अंक |

## परिच्छेद ५
## तलब, भत्ता र बिदा सम्बन्धि ब्यबस्था

११. **तलब भत्ता सम्बन्धी व्यवस्था** : बिभिन्न तहमा नियुक्त स्वयम्सेवक शिक्षकहरुको तलब भत्ता देहाय बमेजिम हुनेछ :-

क) मा.बि. तह (९-१०) बिज्ञान/गणित(वि.एस्सी. वा सो सरह) -२५,०००।-

ख) मा.बि. तह (९-१०) अन्य बिषय -२०,०००।-

ग) आधारभुत तह (६-८) अङ्ग्रेजी/विज्ञान/गणित(+2 विज्ञान) -१५,०००।-

घ) आधारभुत तह (अन्य विषय) - १२,०००।-

ङ) बाल विकास केन्द्र - नेपाल सरकारको प्रचलित स्केल बमोजिम

१२. **बिदा सम्बन्धि ब्यबस्था :** स्वयम्सेवक शिक्षकले शिक्षा ऐन तथा शिक्षा नियमावलि (अन्तिम संशोधन) मा तोकिएको सबै प्रकारको बिदा पाउनेछन् ।

## परिच्छेद ६
## बिद्यालयमा स्वयम् सेवक शिक्षक दरवन्दी सम्बन्धि ब्यबस्था

१३. **विद्यालयको लागि करार स्वयम् सेवक शिक्षक उपलब्ध गराउन सक्ने** :- (१) स्वीकृत विद्यालय अनुगमन प्रतिवेदन, २०७५ अनुसार पाल्हिनन्दन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई देहाय बमोजिम दरवन्दीका करार स्वयम् सेवक शिक्षक विद्यार्थी र शिक्षक संख्याको अनुपातमा थप गरि शिक्षक छनौट समितिले पदपुर्ति गरि सम्बन्धित विद्यालयमा नियुक्तिको लागि पठाउनेछ ।

**(क) आधारभुत तह (१-५) मा थप गर्नुपर्ने दरवन्दी**

| सि.न. | विद्यालयको नाम | विद्यार्थी संख्या | साविकमा संचालित कक्षा | अव सञ्चालन हुने कक्षा | हालको दरबन्दी ( जम्मा/स्थाई/अस्थाई/राहत /निजि/स.का) | थप गर्नुपर्ने स्तर ( मा.वि./नि.मा. वि./प्रा.वि.) | कट्टी भएका दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय, पाल्हीनन्दन-४ | २३२ | कक्षा १-१० | | १३/८/२/२/०/१ | १ मा.वि. | | |
| २ | बालशिक्षा निकेतन माध्यमिक विद्यालय, पाल्हीनन्दन-१ | ५९७ | कक्षा १-१० | | १४/२/५/३/३/१ | १ मा.वि./१ प्रा.वि | | |
| ३ | राजनारायण माध्यमिक विद्यालय, पाल्हीनन्दन-५ | ७४३ | कक्षा १-१० | | २०/१२/२/३/१/२ | १ मा.वि. | | |
| ४ | सिद्वार्थ माध्यमिक विद्यालय, | ७३९ | कक्षा १- | | ३५/१४/१२/४/३/२ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाल्हीनन्दन-३ | | १२ | | | | | |
| ५ | हरपुर माध्यमिक विद्यालय, पाल्हीनन्दन-२ | ४५१ | कक्षा १-१० | | १२/३/१/०/६/२ | १ मा.वि./१ नि.मा.वि./१ प्रा.वि | | |
| ६ | शुकदेव माध्यमिक विद्यालय, पाल्हीनन्दन-६ | ६१५ | कक्षा १-११ | | १५/३/२/७/२/१ | १ मा.वि./१ नि.मा.वि | | |
| ७ | पाल्ही आधारभुत विद्यालय, पाल्हीनन्दन-२ | ४३ | कक्षा १-८ | | ८/५/०/२/०/१ | | २ नि.मा.वि./ १ प्रा.वि. | |
| ८ | राधाकृष्ण आधारभुत विद्यालय, पाल्हीनन्दन-५ | २८० | कक्षा १-८ | | ९/१/०/५/१/२ | १ नि.मा.वि./१ प्रा.वि | | |
| ९ | शिब प्रा.वि., पाल्हीनन्दन-२ | ९१ | कक्षा १-५ | | ४/२/२/०/०/० | | | |
| १० | शंकरपुर प्रा.वि., पाल्हीनन्दन-१ | ९१ | कक्षा १-५ | | ४/२/१/०/०/१ | | | |
| ११ | शिबपार्बती प्रा.वि., पाल्हीनन्दन-५, गेरमा | ७५ | कक्षा १-५ | | ५/१/१/२/०/१ | | २ प्रा.वि. | |
| १२ | जनता प्रा.वि., पाल्हीनन्दन-३ | १०३ | कक्षा १-५ | | ६/२/१/२/०/१ | | | |
| १३ | बाईसी देवि प्रा.वि., पाल्हीनन्दन-६ | ६७ | कक्षा १-५ | | ३/१/०/२/० | | | |
| १४ | शहिद जगदिस पासवान शंखरपुर प्रा.वि., पाल्हीनन्दन-६ | १११ | कक्षा १-५ | | २/०/०/१/१/० | २ प्रा.वि. | | |
| १५ | पाल्ही भगवती प्रा.वि., पाल्हीनन्दन-४ | ९४ | कक्षा १-५ | | ६/२/०/२/१/१ | | | |
| १६ | मदरसा ताजुल ओलुम, पाल्हीनन्दन-३, कुश्माहा | २०० | कक्षा १-५ | | ८ | १ प्रा.वि. | | |
| १७ | मदरसा अरविया अनावरुल, ओलुम, पाल्हीनन्दन-१ | ६६ | कक्षा १-५ | | ३ | | | |
| १८ | मदरसा अरविया कमरुल ओ.अहले, पाल्हीनन्दन-४ | | कक्षा १-५ | | | | | |
| १९ | मदरसा अहले सुन्नत फैजुल ओलुम, पडरी, पाल्हीनन्दन-६ | १७२ | कक्षा १-५ | | ४ | १ प्रा.वि. | | |
| २० | मदरसा इस्लामिया प्रा.वि., वेलासपुर, पाल्हीनन्दन-३ | ११२ | कक्षा १-५ | | ५ | | | |
| २१ | मदरसा अरविया अहले सुन्नत, ता.ओ.भगतपुरबा, पाल्हीनन्दन-५ | | कक्षा १-५ | | | | | |
| २२ | मदरसा ईस्लामिया कमरुल ओलूम परसिया, पाल्हीनन्दन-३ | | कक्षा १-५ | | | | | |
| २३ | मदरसा अरविया नजामूल ओलूम, छोटकीसूनरी, पाल्हीनन्दन-१ | १४९ | कक्षा १-५ | | ५ | | | |
| २४ | मदरसा गौसिया फैजुलवारिस ओलुम, हरपुर, पाल्हिनन्दन-२ | १४२ | कक्षा १-५ | | | | | |
| २५ | मदरसा गौसिया एहसादुल ओलुम, चमनटोला, पाल्हिनन्दन-५ | ६५ | कक्षा १-५ | | ३ | | | |
| २६ | मदरसा अहले सुन्नतसिद्धिकियानुरुल ओलुम, पाल्हिनन्दन-६ | ४१ | कक्षा १-५ | | २ | | | |
| **जम्मा** | | | | | | | | |

(२) खोल्नुपर्ने जम्मा दरबन्दी संख्या : आधारभुत तह-१२ जना ।

**१४.तलबको व्यवस्था :** परिच्छेद-५ को दफा ११ बमोजिम पदपुर्ति गरि सम्बन्धित विद्यालयमा करार स्वयम् सेवक शिक्षक खटाईन्छ, सोहि विद्यालयको खातामा पाल्हिनन्दन गाउँपालिकाले अनुदान रकम निकासा गर्नेछ र सो विद्यालयले यस मापदण्डमा तोकिएको तलब तथा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ७

## विविध

**१५. करार थप वा नविकरण गर्न सकिने :** कार्य सम्पादन मूल्यांकण र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी स्वयम्सेवक शिक्षकहरुको करार अवधि सम्झौतामा उल्लेख भए बमोजिम गाउँ कार्यपालिकाले पुनः थप वा नवीकरण गर्न सक्नेछ । तर कार्य सम्पादनस्तर राम्रो नभएका स्वयम्सेवक शिक्षकहरुको करार अवधी थप वा नवीकरण हुन सक्ने छैन ।

**१६. पुनः करारमा स्वयम्सेवक शिक्षक भर्ना गर्न सकिने :-** विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या कम भएका विद्यालयहरुमा यस मापदण्ड बमोजिम एक पटक स्वयम्सेवक शिक्षक भर्ना गरीसकेपछि सोही शैक्षिक शत्रभित्र पुनः शिक्षक संख्या कम भएमा बैकल्पिक सूचीमा रेहका उम्मेदवारहरुमध्येबाट करार सम्झौता गरी सम्बन्धित विद्यालयमा खटाउन सकिनेछ । बैकल्पिक सूचीमा रहेका उम्मेदवारको संख्या कम भएमा यसै मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाबाट स्वयम्सेवक शिक्षक करारमा भर्ना गर्न सकिनेछ ।

तर बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक नियुक्ति भएको एक वर्षपछि यस्तो अवसर उपलब्ध हुने छैन् ।

**१७. खुला प्रतियोगिताबाट पदपूर्ति गरिने :-**समावेशी आरक्षण पद्दति अनुसार महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपांग, पिछडिएको क्षेत्रको कोटाबाट तोकिएको संख्यामा पदपूर्ति हुन नसकेमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ ।

**१८. करार सम्झौता स्वतः रद्द हुने :** हाल स्वयम्सेवक शिक्षक कार्यरत पदमा स्थायी शिक्षक खटिई आएमा वा अर्को कुनै व्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुनेछ ।

**१९. अमान्य हुने :-** यस मापदण्डमा उल्लेख भएका कुराहरु नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

**प्रमाणिकरण मिति : २०७५ /०८ /१२**

**आज्ञाले,**
**दुर्गा पौडेल**
**प्रमुख प्रशासकिय अधिकृत**